# प्रधानमन्त्री रोजगार कार्यक्रम: रोजगारी सिर्जना संगै आन्तरिक आयको लागि पर्यटक लक्षित आयोजना

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नुवाकोटको पञ्चकन्या गाउँपालिकाले पर्यटकलाई लक्षित गरी पदमार्ग र पार्क निर्माण गरेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारको पहिचान गरी गाउँपालिकाले वडा नं ४ मा पदमार्ग र पार्क निर्माण कार्यमा सो बेरोजगारहरुलाई रोजगारी प्रदान गरेको हो ।



गाउँपालिकालको वडा नं ४ को भुमेथान मन्दिर जाने मन्दिरसम्म पदमार्ग र वडा नं ४ कै घ्याङस्वारा पर्यटकीय आकर्षक पार्क निर्माण र आन्तरीक आय आर्जनको लागि चिया खेतीको काम भइसकेको छ । वडा नं ४ को भुमेथान मन्दिर जाने मन्दिरसम्म पदमार्ग सम्म करिब रु १५ लाखको लागतमा ६४० मिटर पदमार्ग निर्माण गरिएको र करिब २५० सिँढी निर्माणको काम अघिल्लो आर्थिक बर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी गरी नै निर्माण भइसकेको पञ्चकन्या गाउँपालिकाका रोजगार संयोजक सरोज कुमार खातिले बताए ।

संयोजक खातीका अनुसार वडा नं ४ को घ्याङस्वरा पर्यटकीय पार्कमा रु २० लाखको लागतमा पार्क निर्माणको काम अन्तिम चरणमा भइरहेको छ । पञ्चकन्या गाउँपालिकाले बेरोजगार सूचीमा आवेदन गरेकाहरुको पहिचान गरी आवश्यकता अनुसार विभिन्न विकास निर्माणको काममा परिचालन गरेको हो ।

पञ्चकन्या गाउँपालिकाले गाउँवासीको गौरवको आयोजनासँगै पर्यटन प्रवद्र्धन तथा जीविकोपार्जनलाई समेत विशेष महत्वका साथ हेरिएको र समग्र क्षेत्रमा विकास गराउने उद्देश्यले काम गरिरहेको गाउँपालिकाका अध्यक्ष तेज बहादुर तामाङले बताए । गाउँपालिकाले पर्यटकलाई लक्ष्य गरी घ्याङस्वरा क्षेत्रमा उद्यान, पिकनिक सेट, १० वर्ष जनयुद्धमा सहिद भएका पञ्चकन्या गाउँपालिका भरिको सहिद स्मारक सालिक निर्माणको काम प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी गरी बनाईएको छ, जिप लाईन, भ्यूटावरको निर्माण गर्ने र

पर्यटकीयस्थलको पहिचान गरी पूर्वाधार विकासका काम गरिरहेको र सबै काम प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सम्पन्न गर्न सम्भव नदेखिएकोले  विभिन्न निकाय सँग समन्वय गरि प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी भएर काम भएको  अध्यक्ष तामाङले बताए।



सांस्कृतिक धार्मिक प्राकृतिक रूपमा विभिन्न ठाउँमा गाउँपालिकाले निर्माण गरेको पर्यटकीय क्षेत्रहरुमा पुग्न तथा पर्यटन प्रवर्द्धनका लागि पदमार्ग महत्वपूर्ण मार्गको रूपमा हेरिएको छ। गाउँपालिकाले बेरोजगारको पहिचान गरी रोजगार दिएर आफूलाई विकास निर्माणका काममा लगाएको वडा नं ४ का चित्र कुमारी मगरले खुशी व्यक्त गरे। पदमार्ग निर्माण र पार्क निर्माण  भएसँगै त्यहाँ बाट नुवाकोटको अधिकाशं भुभागको वस्तीलगायत धार्मिक तथा पर्यटकीयस्थलको अवलोकन तथा मनोरञ्जन गर्न सकिन्छ।

पञ्चकन्या गाउँपालिकामा १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका  ३५० जना प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत भएका छन्। रोजगारीका लागि ५९ जना रोजगार कार्यक्रममा सूचीकृत भएको प्राविधिक सहायक कपिल शाहले बताए। रोजगार कार्यक्रमा सूचीकृत भएकामध्ये वडा नं ४ का पदमार्ग निर्माण पर्यटकीय पार्कमा  चिया खेती गर्न लागेको र अन्य वडामा त्यस्तै निर्माणको काममा सम्पन्न भई ज्याला भुक्तानीको भई यस आ. व.को  प्रधानमन्त्री रोजगार कार्यक्रम  सम्पन्न भएको रोजगार संयोजक खातीले बताए।

स्थानीय  चित्र कुमारी मगरलाई रोजगार कार्यक्रममा काम गर्दा दैनिक जिविका सञ्चालन गर्न सहज भएको छ। 'मैले आफै काम गरेर पैसा कमाउँदा घर खर्च र आफूलाई चाहिने पैसाको जोहो गर्न सजिलो भएको छ,'उनले भनिन्,'यस्तो कार्यक्रम सधैँ निरन्तर भइदिए अझ हामी जस्तालाई राम्रो हुने थियो।'

पञ्चकन्या  गाउँपालिका २ कविलास  का अध्यक्ष  राम शरण श्रेष्ठ प्रधानमन्त्री रोजगार कार्यक्रमबाट आफ्नो वडामा स्थानिय हिड्डुल गर्न असहज भएको ठाँउमा सिँढी निर्माण र बाटो सरसफाइ लगायतका काम गर्न सहज भएको बताउँछन्।





गाउँपालिकाका सुचिकृत बेरोजगारहरु पनि गाउँघरमै काम गर्न पाउँदा दङ्ग भएका छन्। ‘गाउँघरमा सबै जनाका लागि यो कार्यक्रम राम्रो छ। काम गरेर आएको पैसाले बिहे खर्च, जग्गा किन्न सहज, घर बनाउन सहयोग, परिवारमा बिरामी हुँदा औषधी गर्न सजिलो हुने जस्ता विभिन्न कार्यमा सहयोग पुगेको बताउछन। सुचिकृत बेरोजगारहरु भन्छन् यो कार्यक्रम एकदमै राम्रो लाग्यो र यो एक खालको जागिर जस्तै भएको छ ।’



गाउँपालिकाकै अर्का सुचिकृत बेरोजगार लाई पनि आफ्नै गाउँघरमा काम गर्न पाउँदा घर खर्च जुटाउन सजिलो भएको छ । ‘नुन तेल देखि चामल दालसमेत किन्न यो पैसाले सजिलो हुन्छ’, उनले भनिन्,‘आफैले काम गरेर पैसा पाउँदा अरूसँग चाहिएको बेला पैसा माग्नु पर्दैन ।’

प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत भएकाहरूले कम्तीमा १०० दिनको रोजगारी पाउने व्यवस्था रहेको छ । बेरोजगार रहेकालाई विकास निर्माणको काममा लगाउने र भुक्तानी गरिने हुँदा ग्रामीण क्षेत्रमा यो कार्यक्रम निकै लोकप्रिय बन्दै गएको छ । ज्याला मजदुरीमा काम गर्दा समान काममासमेत महिला पुरुषको बीच ज्यालामा विभेद भइरहेको अवस्थामा यो कार्यक्रममले समान ज्याला वितरणले थप लोकप्रिय बनेको छ।




